सिदिङ्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६८१४६२
उपाध्यक्ष - ९८४२६६४०५९
प्र.प्र.अ. – ९८५२६६०१५३

सूचना नं. ०१-०७९/०८०

मितिः २०७९/०४/०२

## बिषयः सामाजिक सुरक्षा नविकरण गर्ने सम्बन्धमा ।

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम यस गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुको आ.व. २०७९/०८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले देहाय बमोजिमको कागजात सहित सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको फारम / ढाचाँमा निवेदन दिई २०७९ भाद्र मसान्त भित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु / गराउनुहुन अनुरोध छ । नविकरण नगराएमा आ.व. २०७९/०८० को सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नसकिने व्यहोरा समेत संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**परिचय पत्र नविकरण गर्न आउदाँ ल्याउनु पर्ने कागजातहरुः**

| लाभग्राहिको प्रकार | आवश्यक कागजात |
|---|---|
| • ७० बर्ष उमेर पुगेका ज्येष्ठ नागरिक<br>• ६० बर्ष उमेर पुगेका दलित ज्येष्ठ नागरिक<br>• ६० बर्ष उमेर पुगेका एकल महिला | ▪ नागरिकताको प्रतिलिपि १ थान<br>▪ पासपोर्ट साइजको फोटो २ थान<br>▪ सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपि १ थान<br>▪ विवाह नगरेको प्रमाणपत्र (एकल महिलाको लागि) |
| • पुर्ण अपाङ्गता<br>• अति अशक्त अपाङ्गता | ▪ नागरिकताको प्रतिलिपि १ थान<br>▪ पासपोर्ट साइजको फोटो २ थान<br>▪ सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपि १ थान<br>▪ अपाङ्गता कार्डको प्रतिलिपि १ थान |
| • विधवा | ▪ नागरिकताको प्रतिलिपि १ थान<br>▪ पासपोर्ट साइजको फोटो २ थान<br>▪ सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपि १ थान<br>▪ पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि १ थान |
| • ५ बर्ष मुनिका दलित बालबालिका | ▪ जन्मदर्ताको प्रतिलिपि १ थान<br>▪ पासपोर्ट साइजको फोटो २ थान<br>▪ सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपि १ थान |

रुद्र प्रसाद वेघा
निमित्त प्रमुख प्रशासकीय अधिकृत